# देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
देवानगञ्ज,सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश,नेपाल
Koshi Province, Nepal

प.सं. २०८१/०८२
च.नं.

Email: dewanganjmun@gmail.c


श्री सामुदायिक तथा धार्मिक विद्यालय सबै,
देवानगञ्ज गाउँपालिका, सुनसरी
कोशी प्रदेश, नेपाल ।

मिति : २०८१/०५/०४ गते

विषय : **सामाजिक परीक्षण सम्बन्धमा ।**

प्रस्तुत विषयमा विद्यालयहरुको काम कारवाही शिक्षा ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष शिक्षा नियमावली २०५९ (संसोधन सहित) को नियम १७१ (क) बमोजिमको सामाजिक परीक्षण समितिवाट मूल्यांकन गराउनु पर्ने कानूनी व्यवस्था तथा यस गाउँपालिकाको आ.व.२०८१/०८२ को निति तथा कार्यक्रम अन्तर्गत उल्लेख भए अनुसार प्रत्येक विद्यालयले तपसिल बमोजिमका मापदण्ड अनुसार आ.व. २०८०/०८१ को सामाजिक परीक्षण गरि २०८१ असोज मसान्त भित्र सामाजिक परीक्षण प्रतिवेदन यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा कानून बमोजिम हुनेछ ।

**तपसिल**

१. शिक्षा नियमावली -२०५९ ( संसोधन सहित ) को नियम १७१ (क) बमोजिमको सामाजिक परीक्षण समिति गठन गर्ने ।

२.शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website www.cehrd.gov.np बाट विद्यालय सामाजिक परीक्षण (Social Audit ) मापदण्ड-२०७८ डाउनलोड गरि अध्ययन गर्ने ।

३. उक्त मापदण्ड बमोजिम सामाजिक परीक्षण कार्य प्रारम्भ गर्नु पूर्व Web base IEMIS बाट प्रतिवेदन तयार गर्ने ।

४. सामाजिक परीक्षणका लागि आवश्यक कागजातहरु समितिलाई उपलब्ध गराउने ।

५. विद्यालय सामाजिक परीक्षण मापदण्ड - २०७८ को दफा ३ उपदफा ३ अनुसार प्राविधिक समित गठन गर्ने ।

६. विद्यालय सामाजिक परीक्षण मापदण्ड - २०७८ को अनुसूची बमोजिमको ढाँचामा सामाजिक परीक्षण गर्ने गराउने र प्रतिवेदन तयार गर्ने ।

७. सामाजिक परीक्षण सम्पन्न पछि Web base IEMIS मा आवश्यक तथ्यांकहरु प्रविष्ट गर्ने ।

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत


सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत